# सरुमरारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्यूठान
५ नं. प्रदेश, नेपाल

प.सः २०७६।०७७

च.नः

## प्रस्ताव आव्हानको सूचना ।।।
**(प्रथम पटक प्रकाशित मितिः२०७७।०२।२१)**

चालु आ.ब. २०७६।०७७ को भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम संचालन गर्नु पर्ने भएकोले इच्छुक सरूमारानी गाउँपालिकाका कृषक, कृषि समूह ,कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७७।०३।०३ गते सम्म )भित्र तोकिए बमोजिमको ढाँचामा यस कार्यालयमा तपशिलको विवरण पेश गरी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल विवरणः**

**क.कार्यक्रम सचालन हुने स्थानः** सरूमारानी गाउँपालिका सबै वडाहरू ।

**ख. प्रस्ताव पेश गर्ने स्थानः**सरुमारानी गाउँपालिकाका वडा कार्यालय र गाउँपालिकाको कृषि र पशु विकाश शाखा ।

**ग.कोभिड विशेष कृषि कार्यक्रमको लागि मापदण्ड**

| सिन. | विवरण | सख्या | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कोभिड लक्षित व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम | १०० जना कृषक | प्रति कृषक बढिमा २०,०००- (७५प्रतिशत अनुदान रकम) | प्रति कृषक कम्तिमा २ रोपनी क्षेत्रफलमा तरकारी खेति गर्नु पर्ने । |
| २ | विदेश बाट फर्केका र व्यवसाय उन्मुख कृषकहरूलाइ कृषि विकास प्रोत्साहन कार्यक्रम | १०० जना कृषक | प्रति कृषक बढिमा २०,०००।- (७५प्रतिशत अनुदान रकम) | प्रति कृषक कम्तिमा ३ देखि ५ कठ्ठा तरकारी खेति गर्नु पर्ने,मौरीपालनको हकमा कम्तिमा ३ घार,च्याउ खेतिको हकमा कम्तिमा ५० गोला,कुखुरापालनको हकमा कम्तीमा ५० चल्ला ,बंगुर तथा बाख्रा पालनको हकमा कम्तीमा ५ वटा पाठापाठी पालेको हुनु पर्ने । |
| ३ | बालीको उत्पादन र उत्पादकत्व बृद्धिका लागि बिउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहान कार्यक्रम | कृषक वा कृषक समूह वा कृषि सहकारीहरु | प्रति रोपनी रु.१,०००। का दरले | धान,मकै,गहु, आलु र तरकारी विउ उत्पादन कार्य |

**घ. पेश गर्नु पर्ने कागजातहरू**

१.निवेदन र अनूसूचि ४ अनुसारको प्रस्ताव ढाँचा

२.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रवा विदेश बाट फर्केको भए प्रमाणपत्रको फोटोकपि

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**थप जानकारीका लागि ९८४७८३७८०० मा सम्पर्क गर्नुहुन अनुरोध छ** ।साथै यस कार्यक्रम सम्बन्धी बिस्तृत जानकारीको लागि सरूमारानी गाँउ पालिकाको ***website:sarumaranimun.gov.np***बाट **कोभिड विशेष कृषि कार्यक्रम २०७७** डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।

२०७७।०२।२१

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत